**Asian Productivity Organization**
**“The APO in the News”**

Name of publication: karobardaily.com (27 June 2018, Nepal)
Page: https://www.karobardaily.com/index.php/news/economy/7165

# एपीओले प्राविधिक सहयोग गर्ने

ASIAN PRODUCTIVITY ORGANIZATION

नेपालमा राष्ट्रिय उत्पादकत्व वृद्धि गर्न एसियाली उत्पादकत्व संघ (एपीओ)ले प्राविधिक सहयोग गर्ने भएको छ । नेपाल भम्रणमा आएका एपीओका महासचिव डा. शान्तिकानो कनोक्तानपोर्नले उत्पादकत्व वृद्धि गर्न परामर्श र प्राविधिक सहयोग गर्ने बताएका हुन् । राजधानीमा आयोजित एक कार्यक्रममा एपीओका महासचिव कनोक्तानपोर्नले मुलुकको आर्थिक, सामाजिक विकासका लागि राष्ट्रिय उत्पादकत्व अभिवृद्धिका लागि सहयोग गर्ने जानकारी दिए । उत्पादकत्व वृद्धि गर्न मास्टर प्लान बनाएर सरकार र निजी क्षेत्रले सहकार्य गरे आफूले कन्सल्टेन्सीको रुपमा काम गर्ने उनको भनाइ छ ।

उनले नेपालले आफ्नो प्राथमिकताका क्षेत्रमा उत्पादन र उत्पादकत्वसम्बन्धी नेसनल मास्टर प्लान तयार गर्नुपर्ने र सो प्लान कार्यान्वयनका लागि एपीओले सहयोग गर्ने प्रतिबद्धता जनाए । एपीओका महासचिवले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादव र उद्योग सचिव यामकुमारी खतिवडासँग पनि भेट गरेर उत्पादकत्व वृद्धिमा सहयोग गर्ने आश्वासन दिएका छन् ।

भेटमा मन्त्री यादवले नेपाल एपीओको संस्थापक सदस्य रहे पनि त्यसको सहयोग र उपलब्धि हासिल गर्न नसकेको बताए । राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रको अवस्था अत्यन्त कमजोर रहेको भन्दै मन्त्री यादवले व्यवस्थापकीय क्षमता र वित्तीय अवस्था खस्किँदै गएको केन्द्रको क्षमता अभिवृद्धि गर्ने कुरामा जोड दिए ।

एपीओका महासचिव कनोक्तानपोर्नले उद्योग सचिव खतिवडाको निमन्त्रणमा नेपाल आएका हुन् । एपीओको नेपाल निर्देशकमा उद्योग सचिव खतिवडा रहेकी छन् । एपीओका प्रतिनिधिले नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स र साना तथा घरेलु उद्योग महासंघका प्रतिनिधिसँग पनि उत्पादकत्व वृद्धिका विषयमा छलफल गरेका थिए ।